(نيبالى)

# रमजानको उपहार

# هدية رمضان


लेखक:

**करमुल्लाह मंसुर अब्दुर्रउफ मदनी**

كرم الله منصور بن عبدالرؤف المدني

पूर्व शिक्षक:

इस्लामी शैक्षिक तथा सांस्कृतिक केन्द्र

औकाफ मन्त्रालय, कुवैत

शुरु अल्लाहको नामबाट जो अत्यन्तै दयालु तथा अपार कृपालु हुनुहुन्छ।

# भूमिका

सम्पूर्ण प्रशंसा अल्लाहका लागि नै छन् जो वास्तवमा सृष्टिका स्रष्टा र त्यसका पालन पोषणकर्ता हुनुहुन्छ।वहाँको चीर–शान्ति होस् अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम,वहाँको घर– परिवार र संसार बाचुञ्जेल वहाँका सम्पूर्ण अनुयायीहरुमाथि।

इस्लाम धर्ममा रमजान महिनाको ठूलो महत्व छ।बरु रमजान महिनाको ब्रत इस्लामका पाँचवटा आधारहरुमध्ये एउटा विशाल आधार हो।यो सर्वप्रथम हिज्री सं.२ शाबानको महिनामा अनिवार्य गरियो। अनि त्यो नै कालदेखि मुस्लिम समाजमा परम्परागत अनिवार्य रुपमा रमजानको ब्रत बसिन्छ।

यो महिना वास्तवमा हामी सबैका लागि सर्वोत्तम महिना हो।यसमा अल्लाहको आदेश अनुसार मानवका शत्रु ठुल–ठूला शैतान(दानव)हरुलाई थुनी दिन्छन्। अल्लाहको कृपा आफ्ना भक्तहरुमाथि पर्याप्त अवतरित हुन्छ। मानिस–हरुको हृदयमा एकअर्काप्रति दयामाया गर्ने भावना अत्यधि–क उत्पन्न हुन्छ। रात–दिनमा अल्लाहको बढी जप गर्ने राम्रो अवसर प्राप्त हुन्छ। यस महिनामा सम्पूर्ण विश्वका मुस्लिमहरु ब्रत बस्दछन् र अल्लाहको आदेश अनुसार प्रयत्यक्ष र अप्रत्यक्ष दुबै अवस्थामा जीवन व्यतीत गर्ने बारम्बार बानी बसाउँदछन्। यो महिना आउने वित्तिकै अल्लाहको तर्फबाट पुकार्ने दूतले पुकार्छ :

*'हे कल्याणकारीहरु हो! अगाडी बढ र हे पापीहरु हो! पापलाई त्याग।''* हदीसको संग्रह : तिर्मिजी र इब्ने माजा

यसर्थ यो महिना मानव समाजका लागि अति लाभदायक र सम्पूर्ण मुस्लिमहरुका लागि पुण्य प्राप्तिको शुभ महिना हो। रमजान महिनाका उक्त विशेषताहरुलाई सामु राखेर विचार गर्नुहोस् कि यस महिनामा अल्लाहको कति दया–माया ब्रतालुहरुमाथि हुन्छ र अल्लाह तआला

उनीहरुसित कति प्रसन्न हनुहुन्छ। जुन वास्तवमा वहाँको प्रसन्नता प्राप्त गर्नका लागि स्वच्छ हृदयले यस महिनाको आदर-सम्मान गर्दै यसमा ब्रत बस्दछन्।

अल्लाहको दृष्टिमा प्यारा बन्नका लागि हामी माथि अनिवार्य हुन्छ कि रमजान महिनाको वास्तविकतालाई जानौं र प्रत्येक वर्ष यसमा प्रशस्त पुण्य प्राप्त गरेर आफ्नो पारलौकिक जीवनलाई अल्लाहको कृपाले सफल पारौं।

नेपाली भाषामा यो मेरो एउटा सानो प्रयास हो। जसलाई मैले अल्लाहको कृपाले पवित्र कुरआन र सही हदीसको आधारमा प्रश्नोत्तरको रुपमा तयार पारेको छु। यसको कारण यो हो कि रमजानको ब्रत सम्बन्धमा केही मुस्लिम नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुले जान्नका लागि बारम्बार प्रश्न गरे। अल्लाहको कृपाले मैले केही समय निकालेर प्रश्नोत्तरको रुपमा रमजान र त्यसको ब्रत सम्बन्धी आवश्यक इस्लामी निर्देशनहरुलाई आफ्नो यस पुस्तकमा एकत्रित गरेको छु। हुनसक्छ कि यसमा केही त्रुटि बाँकी होला। यसर्थ यदि कुनै पनि प्रकारको कमी कमजोरी भएमा पाठक वर्गसँग हार्दिक अनुरोध गर्दछु कि लेखकलाई उक्त सम्बन्धमा अवश्य जानकारी गराएर इस्लामको सत्य-तथ्य सेवा गर्नमा मेरो सहयोग गर्नुहोला। यसका लागि म हृदयदेखि नै तपाईंहरुको आभारी हुनेछु।

अन्त्यमा अल्लाहसित बिन्ती छ कि यस सानो पुस्तकबाट नेपाली भाषाभाषी मुस्लिमहरुलाई लाभ पुऱ्याउन् र यसलाई लेखक,सहायक एवं प्रकाशक खास गरी मेरा आमाबुबाका लागि नर्कबाट मुक्तिको स्रोत बनाउन्।

(आमीन)

प्रार्थी

अबू मुहम्मद मदनी

بسم الله الرحمن الرحيم

# रमजानको उपहार

प्रश्न (१) रमजान भनेको के हो?

उत्तर (१) रमजान अरबीको नवौं महिना हो।

प्रश्न (२) रमजानमा के गर्नुपर्छ?

उत्तर(२) रमजान महिनामा ब्रत बस्नुपर्छ।

प्रश्न(३)के रमजान महिनामा ब्रत बस्नु अनिवार्य छ?

उत्तर(३)हो,रमजान महिनामा ब्रत बस्नु अनिवार्य छ।

प्रश्न(४) रमजान महिनाको ब्रत बस्नुपर्छ भन्ने प्रमाण के छ?

उत्तर(४)यसको प्रमाणको लागि अल्लाह तआलाको यो कथन हो :

يَاأَيُّهَاالَّذِيْنَ آمَنُوْا كُتِبَ عَلَيْكُمُ الصِّيَامُ كَمَا كُتِبَ عَلَي الَّذِيْنَ مِنْ قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُوْنَ

- البقرة\ 183

*हे ईमानवालाहरु हो! तिमीहरुमाथि ब्रत अनिवार्य गरिएको छ जसरी तिमीहरु भन्दा अघिका मानिसहरु-माथि अनिवार्य गरिएको थियो ताकि तिमीहरु ईशभक्त होऊ।*

*पवित्र कुरआन 2:183*

प्रश्न(५) के रमजानको ब्रत इस्लामका स्तम्भहरुमध्ये आउँछ?

उत्तर(५)हो, रमजान महिनाको ब्रत इस्लामका स्तम्भहरुमध्ये चौथो स्तम्भ हो।

प्रश्न(६) उक्त कुराको के प्रमाण छ?

उत्तर(६)उक्त कुराको प्रमाण नबी सल्लल्लाहु अलैहि व सल्लम(वहाँमाथि शान्ति होस्) को यो कथन हो :

بُنِيَ الإسلامُ علي خمسٍ شهادةِ أنْ لا إلهَ إلاّ اللهُ وَ أنَّ مُحَمَّداً رَسُولُ اللهِ وَ إقامِ الصَّلاةِ وَ إيتاءِ الزَّكاةِ وَحَجِّ البَيْتِ وَ صَوْمِ رَمَضانَ

- متفق عليه

*इस्लामको जग पाँचवटा कुराहरुमाथि स्थित छ। यो गवाही दिनु कि अल्लाह बाहेक कोही वास्तविक पूजनीय छैन र मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम(वहाँमाथि शान्ति होस्)अल्लाहका रसूल(सन्देष्टा)हुन्, नमाज कायम गर्नु, जकात (धर्मदाय)दिनु, अल्लाहको पवित्र घर काबाको हज गर्नु(तीर्थयात्रा गर्नु)र रमजानको ब्रत बस्नु।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(७) रमजानको ब्रतका स्तम्भहरु कतिवटा छन्?

उत्तर(७) रमजानको ब्रतका स्तम्भहरु २ छन्।

१- उषा कालदेखि (विहान सवेरै ब्रत बस्नका लागि तोकिएको समय समाप्त हुने अघि देखि) सूर्यास्त सम्म ब्रतलाई भंग गर्ने क्रियाहरुबाट जोगीनु।

२-रमजानको ब्रतको नियत गर्नु।

प्रश्न(८)कसरी थाहा हुन्छ कि भोलिदेखि ब्रत

बस्नुपर्छ?

उत्तर(८) यदि शअ्बानको २९ गते(तारिख) चन्द्रमा देखियो वा यसको कुनै ठोस प्रमाण प्राप्त भयो भने त्यसको भोलिदेखि ब्रत शुरु गर्नुपर्छ। तर कुनै पनि सत्यवान मुसलमान व्यक्तिले चन्द्रमा देखेन भने शअ्बानको महिना ३० दिन पूरा गरेर ब्रत बस्नुपर्छ। जस्तै हदीसमा छ :

صُوْمُوْالِرُؤْيَتِهِ وَ أَفْطِرُوْالِرُؤْيَتِهِ فَإِنْ غُمِّيَ عَلَيْكُمُ الشَّهْرُ فَعُدُّوْا ثَلاثِيْنَ

- مسلم

*चन्द्रमा हेरेर ब्रत बस र चन्द्रमा हेरेर नै ब्रत छोड अथवा आकाशमा बादल छ भने ३० दिन पूरा गर।*

*हदीसको संग्रह : मुस्लिम*

प्रश्न(९) रमजानको ब्रत बस्नका लागि कम्तीमा कति जनाले चन्द्रमा देख्नुपर्छ?

उत्तर(९)रमजानको ब्रत बस्नका लागि कम्तीमा एक जना सत्यवान तथा न्यायप्रेमी मुसलमानले चन्द्रमा देख्नुपर्छ। अनि त्यसपछि नै त्यसको साक्षी स्वीकार गरिने छ।

प्रश्न(१०) के एक वा दुई दिन अघिदेखि नै रमजानको नाममा ब्रत बस्नु सही हो?

उत्तर(१०) एक वा दुई दिन अघिदेखि नै रमजानको नाममा ब्रत बस्नु सही होइन। जस्तै केही दाजुभाइ तथा दिदी बहिनीहरुले गर्छन्। तिनीहरुको भनाइ अनुसार हाम्रो ब्रत कहिले २९ दिनको नै

हुन्छ। यसैले एक वा दुई दिन अघि देखि नै ब्रत बस्न थाल्छन्। वास्तवमा यो एक प्रकारको ठूलो अज्ञानता हो। किनकि अरबीको महिना जसरी ३० दिनको हुन्छ त्यसरी नै २९ दिनको पनि हुन्छ। मात्र यस्ता व्यक्तिहरुका लागि छुट छ जुन चाहिँ पहिलेदेखि नै शअ्बान महिनामा लगातार ब्रत बसिरहेका छन्।

प्रश्न(११) रमजान महिनाको ब्रत सर्वप्रथम कहिले अनिवार्य गरियो?

उत्तर(११) रमजान महिनाको ब्रत सर्वप्रथम हिज्री सं.२ शअ्बानको महिनामा अनिवार्य गरियो।

प्रश्न(१२) रमजान महिनाको ब्रत को माथि अनिवार्य छ?

उत्तर(१२)रमजान महिनाको ब्रत प्रत्येक मुस्लिम,वयस्क, ज्ञानी,स्वस्थ तथा स्थायी व्यक्तिमाथि अनिवार्य छ।

प्रश्न(१३) के इस्लामी ब्रत बस्नका लागि मुसलमान हुन आवश्यक छ?

उत्तर(१३)हो,इस्लामी ब्रत बस्नका लागि मुसलमान हुन आवश्यक छ।

प्रश्न(१४) अवयस्क बालबालिकाहरुले बर्त बस्नुपर्छ कि पर्दैन?

उत्तर(१४) अवयस्क बालबालिकाहरुमाथि रमजान महिनाको ब्रत बस्नु अनिवार्य छैन,तर बानी बसाउनका लागि तिनीहरुलाई सानो उमेरदेखि नै ब्रत

बस्ने आदेश दिनु राम्रो हो।

प्रश्न(१५) कसरी थाहा हुन्छ कि बालबालिकाहरु वयस्क भइसकेका छन्?

उत्तर(१५) यसका लागि केही चिन्ह्हरु छन्। जस मध्ये एउटा पनि पाइयो भने थाहा हुन्छ कि तिनीहरु वयस्क भइसकेका छन्। गुप्ताङ्गको वरीपरी रौंहरु आउनु वा वीर्य वा स्वप्नदोष हुनु वा महिलाहरुलाई मासिक धर्म आउनु आदि। उक्त कुराहरुमध्ये यदि केही पाइयो भने त्यस दिनदेखि नै वयस्कमा गनिन्छन् र इस्लामका सम्पूर्ण आदेशहरु जुन चाहिँ एउटा वयस्क युवक र युवतीलाई गर्ने आदेश दिएको छ। ती सबैलाई तिनीहरुले पनि गर्नुपर्छ। अनि ती मध्ये नै रमजान महिनामा रमजानको ब्रत बस्नु हो।

प्रश्न(१६)रोगी मानिसहरुलाई इस्लामले रमजानको ब्रत सम्बन्धमा के आदेश दिएको छ?

उत्तर(१६) रोगी मानिसहरुको सम्बन्धमा इस्लामको आदेश यो हो कि तिनीहरु रोगबाट निको भएपछि ब्रत बस्नेछन् र छुटेको ब्रतलाई सुविधा अनुसार जति छिटो हुन सक्छ त्यति नै छिटो पूरा गर्नेछन्।

प्रश्न(१७) जसलाई रोगबाट मुक्ति पाउने सम्भव छैन भने उसले के गर्नुपर्छ?

उत्तर(१७) जसलाई रोगबाट मुक्ति पाउने सम्भव छैन भने उसले प्रत्येक दिनको सट्टामा एक जना गरिबलाई बिहान र राति दुबै बेला खाना खुवाउनुपर्छ। यस्तै धेरै बूढो उमेरको मानिस जसले चाहिँ ब्रत बस्न सक्दैन भने उसले पनि त्यसको

सद्वामा एक जना गरिबलाई दुबै बेला खाना खुवाउनुपर्छ।

प्रश्न(१८) यात्रीहरुको ब्रतको सम्बन्धमा इस्लामको आदेश के छ?

उत्तर(१८)यात्रीहरुलाई इस्लामले यात्राको अवस्थामा छुट दिएको छ तर आरामदायी यात्रा छ वा यात्राको पनि अवस्थामा ब्रत बस्न चाहन्छन् भने बस्न सक्छन्। तर ब्रत नबसेको अवस्थामा पछि छुटेको ब्रतलाई पूरा गर्नुपर्छ। इस्लामी शिक्षा अनुसार दुबै प्रकारका कुराहरु प्रमाणित छन्।

प्रश्न(१९) महिलाहरुको ब्रतको सम्बन्धमा इस्लामको आदेश के छ?

उत्तर(१९) महिलाहरुमाथि पनि रमजानको ब्रत वयस्क भएपछि बस्नु अनिवार्य छ तर पुरुष र स्त्रीमा केही फरक छ। अनि त्यो यो हो कि स्त्रीहरुले मासिक धर्म र प्रसवजन्यको अवस्थामा ब्रत बस्नु हुँदैन। यस्तै दूध खुवाउने आइमाईहरुलाई ब्रतले गर्दा दूध नहुने वा शिशुमाथि हानिको संदेह छ भने ब्रत बस्नु पर्दैन तर छुटेको ब्रतलाई पछि सरलता अनुसार बस्नुपर्छ।

प्रश्न(२०) जानी बुझीकन बिना कुनै उचित कारणले रमजानको ब्रत छाड्ने ब्यक्तिहरुको सम्बन्धमा आदरणीय अबू उमामासित प्रमाणित हदीसमा के भनिएको छ?

उत्तर(२०) आदरणीय अबू उमामा रजीयल्लाहु अन्हु(सहाबाको नाम पछाडी यो वाक्य जोडिन्छ,यसको अर्थ हुन्छ,अल्लाह उनीसँग खुशी छन्)ले भन्नुभएको छ कि मैले रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लम

सित सुनें। उहाँले भन्नुभयो :"मैले सुतीरहेको बेला सपनामा २ फरिश्ता(ईशदूत)हरुलाई देखें जुन मेरो नजिक आएर मेरा पाखुरा समाते मलाई उठाएर एउटा साह्रै अप्ठयारोले चढ्न सकिने पर्वतसम्म लगेर मलाई त्यसमाथि चढ्नका लागि भने। मैले भनें : म यसमाथि चढ्न सक्दिनँ। अनि उनीहरुले भने : तपाईं प्रयास गर्नुहोस् हामी तपाईंको सहायता गर्नेछौं।म त्यस माथि चढ्न आरम्भ गरें यहाँ सम्म कि पहाडको शिखरसम्म पुगें। जहाँ मैले ठूलो र चर्खो स्वरले कराउनेहरुको आवाज सुनें। अनि मैले सोधें कि यो चित्कार र पुकार के कस्तो हो? उनीहरुले भने कि यो नर्कवासीहरुको चित्कार र पुकार हो। फेरि मलाई त्यो भन्दा पनि अगाडि लगे। जहाँ मैले केही मानिसहरुलाई उल्टो झुन्ड्याएको देखें। उनीहरुको नाक चिरिएको थियो। जसबाट रगत बगिरहेको थियो। मैले सोधें : तिनीहरु को हुन्?उनीहरुले उत्तर दिए। तिनीहरु यस्ता खालका मानिसहरु हुन् जुन चाहिँ ब्रतको दिनमा खानपिन गर्थे।''(सहीहुत्तर्गीब वत्तर्हीब)

प्रश्न(२१) रमजानमा ब्रत बस्नका लागि कति खेर नियत गर्नुपर्छ?

उत्तर(२१) रमजानको ब्रतका लागि राति नै नियत गर्नुपर्छ। यदि कुनै ब्रतालुले राति नियत गर्न बिर्सेको छ भने उसले सहरी(ब्रतको लागि बिहान खाइने खाना)को समय समाप्त हुने अघिसम्म अवश्य नियत गर्नुपर्छ।

प्रश्न(२२) के नियतको लागि केही भन्नुपर्छ?

उत्तर(२२)होइन,नियतको लागि केही भन्नु पर्दैन,किनकि नियतका लागि मुखले केही भन्नु प्रमाणित छैन बरु हृदयमा यो ठोस इरादा हुनु पऱ्यो कि म भोलिको ब्रत बस्नेछु।

प्रश्न(२३) के प्रत्येक दिनको लागि अलग-अलग नियत गर्नुपर्छ?

उत्तर(२३) हो, प्रत्येक दिनको लागि बेग्ला-बग्लै नियत गर्नुपर्छ।

प्रश्न(२४) केही मानिसहरुले अरबी वा अन्य भाषामा मुखले केही....भनेर नियत गर्छन् भने कस्तो हो?

उत्तर(२४) सही होइन,किनकि कुरआन र सही हदीसमा कुनै पनि ठाउँमा यस्तो केही उल्लेख छैन। अनि यदि यो सही हुन्थ्यो भने अवश्य नबी सल्लल्लाहु अलैहि व सल्लमले यस तर्फ हाम्रो मार्गदर्शन गर्नु हुन्थ्यो र यस्तै उहाँका श्रद्धालु साथीहरु(सहाबा)सित सावित हुन्थ्यो।

प्रश्न(२५)ब्रत कति बजेदेखि कति बजेसम्म बस्नुपर्छ?

उत्तर(२५) ब्रतको लागि कुनै घण्टा वा मिनेट तोकिएको छैन कि मानिसले यदि रात-दिनमा त्यति घण्टा वा मिनेट ब्रत बस्छ भने उसको ब्रत भइहाल्छ। बरु बिहानै प्रभात प्रकट हुने अघि देखि बेलुका सूर्यास्त सम्म ब्रत बस्नुपर्छ। आजको आधुनिक युगमा प्रत्येक ठाउँको लागि विद्वानहरुले समय निश्चित गरेका छन्। जसबाट हामी लाभान्वित हुन सक्छौं। यो होइन कि प्रत्येक वर्ष त्यो नै समयमा

ब्रत बस्नुपर्छ बरु मौसमले गर्दा समयमा केही फरक प्रत्येक वर्ष अवश्य भइरहन्छ।

प्रश्न(२६) ब्रत बस्नका लागि बिहानै बिहान खाने कर्मलाई के भनिन्छ?

उत्तर(२६) ब्रत बस्नका लागि बिहानै बिहान खाने कर्मलाई "सहरी" भनिन्छ।

प्रश्न(२७) के "सहरी" खानु जरुरी छ?

उत्तर(२७)सहरी खानु "सुन्नत"(मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भने-गरेका गैर अनिवार्य क्रियाकलाप)हो। यदि केही खाने इच्छा छैन भने कम्तिमा खजूर वा पानी नै पिउनु राम्रो हो। जस्तै एउटा हदीसमा सहरीको बारेमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

تَسَحَّرُوْافَاِنَّ فِي السَّحُوْرِ بَرَكَةً

_متفق عليه

*सहरी खानुहोस् किनकि यसमा कल्याण छ।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(२८) केही मानिसहरु राति सुत्ने बेला नै सहरीको नाममा केही खाएर सुत्छन् भने तिनीहरुको यो खानपिन कस्तो हो?

उत्तर(२८) जहाँ सम्म सहरीको कुरा छ : सहरी रातको अन्तिम समयमा खाइन्छ। शुरु वा मध्य रातमा नै सहरीको नाममा केही खाएर सुत्नु उचित होइन। नबी सल्लल्लाहु अलैहि व सल्लम प्राय: अन्तिम

समयमा सहरी खानु हुन्थ्यो। एउटा हदीस बमोजिम उहाँको सहरी र फज्रको अजानमा मात्र यत्तिकै नै फरक हुन्थ्यो जतिमा पचास आयत(श्लोक)हरुलाई पढ्न सकिन्छ।

प्रश्न(२९)जसले मध्य रातमा नै सहरीको नाममा केही खाएर सुतेको छ भने उसको ब्रत हुन्छ कि हुँदैन?

उत्तर(२९) ब्रत हुन्छ तर सहरीको यो बानी नबी सल्लल्लाहु अलैहि व सल्लमको पवित्र जीवन–जुन चाहिँ हामी सबैका लागि नमुना हो–को अवरोधमा गनिन्छ।

प्रश्न(३०) सहरी नखाइकन ब्रत हुन्छ कि हुँदैन?

उत्तर(३०) यदि ब्रतालुले रमजानको ब्रतको नियत निश्चित समयमा गरेको छ भने त्यसको ब्रत भइहाल्छ। तर जानी बुझीकन सहरीलाई छाड्नु शारीरिक र धार्मिक दुबै हिसाबले गलत हो। सहरी समयमा खाने बानी बसाउनु नै लोक र परलोकमा लाभदायक हुनेछ।

प्रश्न(३१) सहरी खायो तर दिनमा पनि बिर्सेर केही खाइ हालियो भने त्यसको बारेमा इस्लामको आदेश के छ?

उत्तर(३१) यदि ब्रतालुले दिनमा बिर्सेर केही खायो वा पियो भने उसले आफ्नो ब्रत पूरा गर्नेछ। जस्तै एउटा हदीसमा छ :

مَنْ نَسِيَ وَ هُوَ صَائِمٌ فَأَكَلَ أَوْ شَرِبَ فَلْيُتِمَّ صَوْمَهُ فَإِنَّمَا أَطْعَمَهُ اللهُ وَ سَقَاهُ

متفق عليه -

*जसले बिर्सेर ब्रतको अवस्थामा खायो वा पियो भने उसले आफ्नो ब्रत पूरा गरोस्, किनकि उसलाई अल्लाहले खुवाउनु र पियाउनु भएको छ।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

**प्रश्न(३२) के ब्रतको अवस्थामा फलफूल खान पाइन्छ?**

उत्तर(३२) होइन, ब्रतको अवस्थामा केही पनि खाने अनुमति दिएको छैन। चाहे त्यो पानी होस् वा अन्य कुनै सानोतिनो चीज–वस्तु र यदि कसैले जानी बुझीकन केही खाएको छ भने उसको ब्रत भंग भइहाल्छ।

**प्रश्न(३३)"इफ्तार'' भनेको के हो?**

उत्तर(३३) सूर्यास्तपछि केही खाएर ब्रत समाप्त पार्नलाई "इफ्तार'' भनिन्छ।

**प्रश्न(३४)) "इफ्तार''कुन चीजले गर्नु "सुन्नत'' हो?**

उत्तर(३४) रोतब खुजूरले "इफ्तार'' गर्नु सुन्नत हो।

**प्रश्न(३५) रोतब खुजूर उपलब्ध छैन भने कुन चीजले "इफ्तार'' गर्नु राम्रो हो?**

उत्तर(३५) यदि रोतब खुजूर उपलब्ध छैन भने पानीले"इफ्तार''गर्नु राम्रो हो,किनकि त्यो पवित्र हो।

**प्रश्न(३६) यदि पानी पनि साथमा छैन भने के गर्नुपर्छ?**

उत्तर(३६) यदि पानी पनि उपलब्ध छैन भने कुनै

पनि वैध वस्तुले"इफ्तार''गर्न सकिन्छ।

प्रश्न(३७)"इफ्तार''गर्ने अघि के गर्नु राम्रो हो?

उत्तर(३७)"इफ्तार''गर्ने अघि बिन्ती गर्नु राम्रो हो, किनकि यस्तो अवस्थामा प्रार्थना स्वीकार गरिन्छ। हदीसमा सबैलाई यसका लागि प्रोत्साहित गरिएको छ।

प्रश्न(३८) के "इफ्तार''को कुनै खास बिन्ती छ?

उत्तर(३८) हदीसमा आउँछ कि नबी सल्लल्लाहु अलैहि व सल्लम इफ्तार गर्ने बेला बिन्ती गर्नुहुन्थ्यो। जसमध्ये प्रमाणित बिन्ती यो हो :

ذَهَبَ الظَّمَأُ وَابتَلَّتِ العُرُوقُ وَ ثَبَتَ الأَجْرُ إِنْ شَاءَ اللهُ

- صحيح الجامع للألباني

*ज़हबज्ज़मओ वब्तल्लतिल्उरुक् व सबतल्अज्रु इन्शाअल्लाह*

*तिर्खा मिट्यो,नसाहरु भिजे र यदि अल्लाहले चाहनु हुन्छ भने अवश्य पुण्य प्राप्त हुनेछ।*

सहीहुल्जामेअ् : अल्बानी

प्रश्न(३९) यदि इफ्तारको व्यवस्था कुनै अर्को व्यक्तिले गरेको छ भने त्यसको बिन्ती के हो?

उत्तर(३९) यदि इफ्तारको व्यवस्था कुनै अर्को व्यक्तिले गरेको छ भने इफ्तारपछि उसको लागि निम्न प्रार्थना गर्नु सुन्नत हो।

أَفطَرَ عِنْدَكُمُ الصَّائِمُونَ وَ أَكَلَ طَعَامَكُمُ الأَبْرَارُ وَ صَلَّتْ عَلَيْكُمُ المَلَائِكَةُ

- رواه ابوداود باسناد صحيح

*अफ्त'र इन्द'कुमुस्साएमून् व अ'क'ल*
*तआ'म'कुमुल्अब्रारु व सल्लत् अलैकुमुल्मलाइ'क'तु।*
*ब्रतालुहरुले तपाईं कहाँ इफ्तार गरे,तपाईंको खाना*
*सद्कर्मी मानिसहरुले खाए र फरिश्ता(ईशदूत)हरुले*
*तपाईंका लागि प्रार्थना गरे।*

*हदीसको संग्रह : अबूदाऊद*

**प्रश्न(४०) के इफ्तार अघि र पछिका लागि छुट्टा-छुट्टै बिन्ती गर्नुपर्छ?**

उत्तर(४०) खानपिन अघि जहिले पनि ''बिस्मिल्लाह''भन्नुपर्छ। जहाँसम्म उक्त बिन्ती(ज'ह'बज'ज'म'ओ...)को कुरा छ भने हदीसमा मात्र यति छ कि नबी सल्लल्लाहु अलैहि व सल्लम उक्त बिन्तीलाई इफ्तार गर्ने बेला भन्नुहुन्थ्यो। मेरो ज्ञान अनुसार हदीसमा अघि र पछि केही पनि छुट्याएको छैन।

**प्रश्न(४१) के इफ्तार गराउनका लागि राम्रो राम्रो खाना हुनु आवश्यक छ?**

उत्तर(४१) इस्लामले यस्तो केही पनि छुट्याएको छैन। बरु मानिसले आफ्नो हैसियत अनुसार राम्रो खाने वस्तुको बन्दोबस्त गर्छ भने त्यो राम्रो हो। यदि कसैसँग इफ्तार गराउने क्षमता छैन भने खुजूर वा पानीले पनि इफ्तार गराएर पुण्य प्राप्त गर्न सक्छ। जस्तै एउटा हदीसमा छ :

وَهُوَ شَهْرُ الْمُوَاسَاةِ،وَشَهْرٌ يُزَادُ فِيْهِ رِزْقُ الْمُؤْمِنِ،مَنْ فَطَّرَ
فِيْهِ صَائِمًا كَانَ مَغْفِرَةً لِذُنُوْبِهِ،وَعِتْقَ رَقَبَتِهِ مِنَ النَّارِ،وَكَانَ
لَهُ مِثْلُ أَجْرِهِ مِنْ غَيْرِ أَنْ يُنْقَصَ مِنْ أَجْرِهِ شَيْءٌ. قَالُوْا يَا
رَسُوْلَ اللهِ،لَيْسَ كُلُّنَا يَجِدُ مَا يُفَطِّرُ الصَّائِمَ. قَالَ: يُعْطِي اللهُ

هذاالثَّوَابَ لِمَنْ فطرَ صَائِمًا علي مَذقةِ لبنٍ أوْ تَمْرَةٍ أوشَرْبَةِ مَاءٍ. وَمَنْ أشبَعَ فِيْهِ صَائِمًا سقَاهُ اللهُ مِنْ حَوْضِي شَرْبَةً لاَ يَظمأ بَعْدَهَا حتَّي يَدْخُلَ الجَنَّةَ

- صحيح ابن خزيمة

*रमजान सहानुभूतिको महिना हो,यसमा मोमिन(पूर्ण विश्वासी)को आजीविका बढाइदिन्छ। जसले यसमा ब्रतालुलाई इफ्तार गरायो भने त्यस कारण उसका पापहरु क्षमा गरिन्छ र नर्कको आगोबाट उसको गर्दनलाई मुक्ति प्राप्त हुन्छ। र ब्रतालुको पुण्यमा बिना कुनै प्रकारको कमी गरिकन त्यसलाई पनि त्यति नै पुण्य प्राप्त हुनेछ। सहाबाले सोधे : हे अल्लाहको रसूल ! हामी मध्ये सबै जनासँग इफ्तार गराउने क्षमता छैन। उहाँले भन्नुभयो: जसले दूधको एक छाक,खजूर वा पानीको एक थोपाले इफ्तार गराउँछ, उसलाई पनि यति नै पुण्य दिइनेछ। र जसले कुनै ब्रतालुलाई भर पेट खुवायो, अल्लाहले उसलाई मेरो हौज(मृत्युपश्चातको जीवनमा अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई प्रदान गरिने पानीको विशेष कुवा)बाट एक छाक पानी पियाउनु हुन्छ। जुन पिएपछि स्वर्गमा प्रवेश नगरुन्जेल उसलाई तिर्खा लाग्ने छैन।*

*हदीसको संग्रह : सही इब्ने खोजैमा*

प्रश्न(४२) के इफ्तार गराउने व्यक्तिलाई ब्रतालुको पुण्य प्राप्त हुन्छ?

उत्तर(४२) हो,जसले कसैलाई इफ्तार गराउँछ भने उसलाई ब्रतालुको पुण्य अवश्य प्राप्त हुन्छ तर ब्रतालुको पुण्यमा केही कमी हुँदैन। जस्तै एउटा हदीसमा छ :

مَنْ فطرَ صَائِمًا فلهُ مِثلُ أجرِهِ مِنْ غَيْرِ أنْ يُنْقصَ مِنْ أجْرِالصَّائِمِ شَيْئٌ

- أحمدو النسائي و الترمذي و ابن ماجه

*जसले ब्रतालुलाई इफ्तार गरायो, उसलाई ब्रतालुको पुण्य जति नै पुण्य प्राप्त हुनेछ र ब्रतालुको पुण्यमा केही कमी गरिने छैन।*

*हदीसको संग्रह : अहमद, नसई, तिर्मिजी र इब्नेमाजा*

र एउटा अर्को हदीसमा छ :

وَمَا عَمِلَ الصَّائِمُ مِنْ أعْمَالِ البِرِّ إلأكَانَ أجْرُهُ لِصَاحِبِ الطَّعَامِ مَادَامَ قُوةُالطَّعَامِ فِيْهِ

- الطبراني

*ब्रतालुले जो पनि कर्म गर्छ, त्यसको पुण्य खाना खुवाउने व्यक्तिले पाउनेछ जब सम्मकि उसले खुवाएको खुराक उसमा रहनेछ।*

*हदीसको संग्रह : अत्तबरानी*

प्रश्न (४३) के इफ्तारमा ढिलो गर्नु राम्रो हो?

उत्तर (४३) इफ्तारमा ढिलो गर्नु राम्रो होइन। बरु समयमा नै इफ्तार गर्नु सुन्नत हो। जस्तै एउटा हदीसमा छ :

لا يَزَالُ النَّاسُ بِخَيْرٍ مَا عَجَّلُوْالفِطْرَ

- متفق عليه

*मानिसहरु सदैव भलाइमा रहनेछन् जब सम्म इफ्तारमा छिटो गर्नेछन्।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न (४४) तरावीह भनेको के हो?

उत्तर(४४) रमजानको रातमा इशाको नमाजपछि केही बढी नमाज पढिन्छ भने त्यसलाई तरावीहको नमाज भनिन्छ।

प्रश्न(४५) तरावीहको नमाज कति रकात हो?

उत्तर(४५) तरावीको नमाज ८ रकात हो। नबी सल्लल्लाहु अलैहि व सल्लमले यति नै पढ्नु हुन्थ्यो। यसमा ३ रकात थपेर वित्र पढ्नु हुन्थ्यो। जस्तै उहाँकी श्रीमती आइशा रजीयल्लाहु अन्हाले भन्नुभएको छ :"नबी सल्लल्लाहु अलैहि व सल्लम रमजान वा गैर रमजानमा ११ भन्दा बढी नमाज पढ्नु हुन्थेन।''

हदीसको संग्रह : बुखारी

प्रश्न(४६) यदि कसैले तरावीको नमाज पढेको छैन भने त्यसको ब्रत हुन्छ कि हुँदैन?

उत्तर(४६) यदि कसैले तरावीहको नमाज पढेको छैन भने उसको ब्रत अवश्य हुन्छ।किनभने तरावीहको नमाज सुन्नत हो। तर तरावीहलाई जानी बुझीकन बिना कुनै कारणले छोड्नु सही होइन। यसको हदीसमा बढी प्रसंशा गरिएको छ। जस्तै एउटा हदीसमा छ :

مَنْ قَامَ رَمَضَانَ اِيمَانًا وَ احتِسَابًا غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ - متفق عليه

*जो पूर्ण विश्वास र पुण्य प्राप्त गर्ने उद्देश्यले रमजानमा कियाम गर्छ (नमाज पढ्छ) भने उसका अघिल्ला पापहरु क्षमा गरिने छन्।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(४७)रमजान महिनाका विशेषताहरुमध्ये केही बताउनुहोस्?

उत्तर(४७)रमजान महिना निकै पवित्र एवं महत्वपूर्ण महिना हो। यसमा प्रत्येक कर्मको पुण्य बढाई दिन्छ। यस महिनाका विशेषताहरुमध्ये सबभन्दा ठूलो विशेषता यो नै हो कि यस शुभ महिनामा नै प्रथम चोटि पवित्र कुरआनका पाँचवटा आयतहरु(श्लोकहरु) अवतरित भएका थिए। अनि ती प्रथम आयतहरु यी हुन् :

إقرَأ بِاسْمِ رَبِّكَ الَّذِيْ خَلَقَ. خَلَقَ الإنْسَانَ مِنْ عَلَقٍ.إقرَأ وَرَبُّكَ الأكرَمُ. الَّذِيْ عَلَّمَ بِالقَلَمِ.عَلَّمَ الإنْسَانَ مَالَمْ يَعْلَمْ

- العلق\1-5

*आफ्नो त्यो प्रभुको नामले पढ जसले तिमीलाई पैदा गर्नुभएको छ। जसले मानिसलाई मासुको थोपाबाट पैदा गर्नुभएको छ। तिमी पढ र तिम्रो प्रभु अति उदार हुनुहुन्छ। जसले कलम द्वारा सिकाउनुभएको छ। जसले मानिसलाई त्यो कुरा सिकाउनु भएको छ जसलाई ऊ जानी रहेको थिएन।*

*पवित्र कुरआन :96:1-5*

र एउटा अर्को ठाउँमा अल्लाह तआलाले भन्नुभएको छ :

شَهْرُ رَمَضَانَ الَّذِيْ أنْزِلَ فِيْهِ القُرْآنُ هُدًي لِلنَّاسِ وَ بَيِّنَاتٍ مِنَ الهُدَي وَالفُرْقَان

- البقرة\ 185

*रमजानको महिना त्यो महिना हो जसमा कुरआन*

*उतारियो। जो सम्पूर्ण मानिसका लागि मार्गदर्शन हो र यसमा मार्गदर्शन तथा सत्य र असत्यमा अन्तर पार्ने तर्कहरु छन्।*

*पवित्र कुरआन 2:185*

यस्तै अर्को विशेषता यो हो कि यस महिनामा स्वर्गका ढोकाहरु खोलिन्छन् र नर्कका ढोकाहरु बन्द गरिन्छन् र शैतान(दानव)हरुलाई थुनी दिन्छन्। जस्तै एउटा हदीसमा छ :

إذَاجَاءَ رَمَضَانُ فُتِّحَتْ أَبْوَابُ الْجَنَّةِ وَ غُلِّقَتْ أَبْوَابُ النَّارِ وَ صُفِّدَتِ الشَّيَاطِيْنُ

- متفق عليه

*जब रमजानको महिना आउँछ भने स्वर्गका ढोकाहरु खोलिन्छन् र नर्कका ढोकाहरु बन्द गरिन्छन् र शैतानहरुलाई थुनी दिन्छन्।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

यसरी नै यस महिनाको एउटा अर्को विशेषता यो हो कि यसमा अल्लाह तआलाले नर्कबाट मानिसहरु-लाई मुक्त गर्नुहुन्छ। अनि यसमा अल्लाहको तर्फबाट पुकार्ने फरिश्ताले पुकार्छ।'हे सद्कर्मीहरु हो! अगाडि बढ र हे पापीहरु हो! पापलाई त्याग '' आदि।

हदीसको संग्रह : तिर्मिजी र इब्ने माजा

प्रश्न(४८) लै'ल'तुल्कद्र'' भनेको के हो?

उत्तर(४८) रमजान महिनाको अन्तिम दशकको विषम रातहरुमध्ये कुनै रात यति महत्वपूर्ण छ,जसमा अल्लाहको उपासना गर्नु हजार महिनाको उपासना

भन्दा बेस हुन्छ। जसलाई चाहिँ "लै'ल'तुल्कद्र'' भनिन्छ। जस्तै पवित्र कुरआनमा छ :

إِنَّا أَنْزَلْنَاهُ فِي لَيْلَةِ الْقَدْرِ.وَمَا أَدْرَاكَ مَا لَيْلَةُ الْقَدْرِ.لَيْلَةُ الْقَدْرِ خَيْرٌ مِنْ أَلْفِ شَهْرٍ.تَنَزَّلُ الْمَلاَئِكَةُ وَالرُّوحُ فِيهَا بِإِذْنِ رَبِّهِمْ مِنْ كُلِّ أَمْرٍ،سَلاَمٌ هِيَ حَتَّى مَطْلَعِ الْفَجْرِ

- القدر\ 1-5

*नि:सन्देह कुरआनलाई हामीले कद्रको शुभ रातमा अवतरित गर्‍यौं। के तिमीलाई थाहा छ कि कद्रको शुभ रात भनेको के हो?कद्रको शुभ रात एक हजार महिनाहरुभन्दा श्रेष्ठ हो। जसमा अल्लाहको अनुमति अनुसार ईशदूतहरु र जिब्रील प्रत्येक कार्यलाई पूर्ण गर्नका लागि उतर्नें गर्दछन्। यो रात साक्षात शान्तिको हुन्छ तथा फज्रको उदय हुने सम्म हुन्छ।*

*पवित्र कुरआन 97:1.5*

प्रश्न(४९)के त्यो शुभ रात प्रत्येक वर्ष कुनै खास गते(तारिख)मा हुन्छ?

उत्तर(४९) होइन,बरु कुनै वर्ष २१ मा कुनै वर्ष २३ मा कुनै वर्ष २५ मा कुनै वर्ष २७ मा र कुनै वर्ष २९ मा परिवर्तन भइरहन्छ।

प्रश्न(५०) के यो सही हो कि त्यो कद्रको रात २७ को रात नै हो?

उत्तर(५०) प्रत्येक वर्ष हुन सक्दैन,किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमले अन्तिम दशकको विषम रातमा त्यसलाई खोज्ने आदेश दिनुभएको छ।

प्रश्न(५१) के त्यो रातमा पढ्ने कुनै खास बिन्ती छ?

उत्तर(५१) हो,त्यसमा खासगरी यो बिन्ती पढ्नु प्रमाणित छ।

"اَللّٰهُمَّ إِنَّكَ عَفُوٌّ تُحِبُّ الْعَفْوَ فَاعْفُ عَنِّي"

- رواه الخمسة غير أبي داود وصححه الترمذي والحاكم

"अल्लाहुम्म इन्न'क अफूउन् तुहिब्बुल्अफ'व फअ्फो अन्नी।"

*हे अल्लाह तपाईं क्षमावान हुनुहुन्छ र यसलाई चाहनु पनि हुन्छ, यसर्थ मलाई क्षमा गर्नुहोस्।*

*हदीसको संग्रह : अहमद, तिर्मिजी, नसई र इब्ने माजा साथै तिर्मिजी र हाकिमले उक्त हदीसलाई सही पनि भनेका छन्।*

प्रश्न(५२) रमजानमा उम्र: गर्नु कस्तो हो?

उत्तर(५२) उम्रा त जहिले पनि गर्नु राम्रो हो। तर रमजानमा गरिने उम्र:को पुण्य अझ केही बढाइदिन्छ। जस्तै एउटा हदीसमा छ :

" عُمْرَةٌ فِي رَمَضَانَ تَعْدِلُ حَجَّةً"

- متفق عليه

*"रमजानमा गरेको उम्र:(को पुण्य) हजको बराबर हुन्छ।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(५३) ब्रतबाट ब्रतालुलाई के फाइदा हुन्छ?

उत्तर(५३) ब्रतबाट ब्रतालुलाई धेरै फाइदाहरु हुन्छन्।चाहे त्यो धार्मिक हिसाबले होस् वा शारीरिक हिसाबले। जहाँ सम्म त्यसबाट प्राप्त हुने धार्मिक

फाइदाहरु छन् भने ती मध्ये केही निम्नमा उल्लेख गरिएका छन् ।

<u>ईश्वरीय क्षमा</u> : अल्लाहलाई खुसी पार्ने र उहाँको प्रसन्नता प्राप्त गर्ने उद्देश्यले ब्रत बस्दा खेरि यसबाट ब्रतालुलाई पहिलो लाभ यस प्रकार हुन्छ कि अल्लाहले उसका अघिल्ला स-साना पापहरुलाई क्षमा गर्नु हुन्छ । जस्तै एउटा हदीसमा छ :

مَنْ صَامَ رَمَضَانَ إِيْمَانًا وَ احْتِسَابًا غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ

- متفق عليه

*जसले पूर्ण विश्वास र पुण्य प्राप्त गर्ने उद्देश्यले ब्रत बस्यो भने उसका सम्पूर्ण अघिल्ला पापहरु क्षमा गरिने छन् ।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

<u>अनगिन्ती पुण्यहरु</u> : ब्रत मानिसले अल्लाहको लागि नै बस्छ,यसर्थ यसको बदला पनि अल्लाहले आफै दिनुहुन्छ । यसैले कसैलाई यसको संख्या थाहा छैन र न हामीले यसको बारेमा केही अनुमान नै गर्न सक्छौं । जस्तै एउटा ठूलो हदीस कुदसीमा छ :

إلاَّالصَّوْمَ فَإِنَّهُ لِيْ وَأَنَا أَجْزِيْ بِهِ يَدَعُ شَهْوَتَهُ وَ طَعَامَهُ مِنْ أَجْلِيْ

- مسلم

*ब्रत बाहेक,किनकि त्यो मेरो लागि हो र त्यसको बदला म आफै दिनेछु । ब्रतालुले मेरो लागि नै आफ्नो खाना र संभोगलाई त्यागछ ।*

*हदीसको संग्रह : मुस्लिम*

<u>ब्रतको सिफारिस</u> : आदरणीय अब्दुल्लाह पुत्र उमर रजीयल्लाहु अन्हुमाले नबी सल्लल्लाहु अलैहि व सल्लमसित रिवायत( वर्णन) गर्नुभएको छ,उहाँको कथन छ: "ब्रत र कुरआन दुबै परलयको दिन मानिसका लागि सिफारिस गर्नेछन्। ब्रतले भन्छ कि हे रब-प्रभु- मैले उसलाई खानपिन र स्त्री संभोगबाट मनाही गरेको थिएँ ,यसर्थ त्यसको हकमा मेरो सिफारिस स्वीकार गर र कुरआनले भन्छ कि हे अल्लाह मैले उसलाई रातमा सुत्नबाट रोकी राखेको थिएँ ,यसर्थ उसको हकमा मेरो सिफारिस स्वीकार गर। उहाँले भन्नुभएको छ कि दुबैको सिफारिस स्वीकार गरिनेछ।''

*हदीसको संग्रह :* अहमद र सहीहुल्जामेअ्

<u>रय्यानबाट स्वर्गमा प्रवेशिका</u> : अल्लाह तआलाले स्वर्गमा एउटा यस्तो पनि ढोका बनाउनुभएको छ कि जसबाट स्वर्गमा मात्र ब्रत बस्ने व्यक्तिहरु नै प्रवेश गर्नेछन्। त्यसको नाम रय्यान हो। जसको प्रमाणका लागि नबी सल्लल्लाहु अलैहि व सल्लमको यो कथन छ :

*स्वर्गका ढोकाहरुमध्ये एउटाको नाम रय्यान हो। जस बाट महापरलयको दिन मात्र ब्रत बस्ने व्यक्तिहरु नै स्वर्गमा प्रवेश गर्नेछन्।*

*हदीसको संग्रह :* बुखारी र मुस्लिम

प्रश्न(५४) के वास्तवमा ब्रत बस्नाले हाम्रो शरीरलाई केही फाइदा प्राप्त हुन्छ?

उत्तर(५४) हो, ब्रत बस्नाले हाम्रो शरीरलाई निकै लाभहरु प्राप्त हुन्छन्।

प्रश्न(५५) ब्रतबाट प्राप्त हुने शारीरिक लाभहरुलाई हामीले कसरी बुझ्न सक्छौं?

उत्तर(५५) ब्रतबाट हामीलाई प्राप्त हुने फाइदाहरु-लाई यसरी बुझ्न सकिन्छ कि मानिस र अन्य प्राणीको आन्द्राभुँडी सधैं निरन्तर रुपमा मेसिन जस्तै चली रहन्छ। जसमा खानखुराकसँग समय समयमा विभिन्न प्रकारका चीज-वस्तुहरु पनि जमा हुन्छन्। यसरी नै श्वास लिंदा खेरि दैनिक रुपमा कतिपय प्रदूषित तथा हानिकारक वस्तुहरु गएर आन्द्राभुँडीमा भेला हुन्छन्। अब यस्तो अवस्थामा हामी माथि अनिवार्य छ कि आफ्नो स्वास्थ्यलाई बलियो र स्वच्छ बनाउनका लागि त्यसलाई केही निश्चित समय सम्म राहत पुऱ्याउने प्रयास गरौं। जो चाहिँ ब्रत बस्नाले अवश्य पूरा हुन्छ। उदाहरणका लागि हामी रुख विरुवालाई पनि हेर्न सक्छौं कि केही मौसममा तिनका पत्ताहरु सुक्न थाल्छन् र फेरि केही दिनपछि हरियो पलाउन थाल्छन् वा तिनका शाखाहरुलाई हामीले छिमल्छौं भने केही दिनपछि ती अझ सुन्दर हुन जान्छन्। यसरी नै हाम्रो शरीरले ब्रत बस्दा खेरि विभिन्न प्रकारका रोगहरुबाट अवश्य मुक्ति पाउँछ।

प्रश्न(५६) के डाक्टर(चिकित्सक)हरुले पनि ब्रतको फाइदालाई स्वीकार्छन्।

उत्तर(५६) हो,बरु उनीहरुले त मानिसलाई कहिलेकाहीं भोकै बस्ने परामर्श पनि दिन्छन्। जसबाट हुने फाइदा ब्रत बस्नाले अझ प्राप्त हुन्छ। जस्तै डाक्टर स्वैसरी''बार्सिलोस''ले भन्नुभएको छ :
रोगबाट मुक्ति पाउनका लागि ब्रतबाट प्राप्त हुने

लाभहरु औषधी प्रयोग गर्नु भन्दा निकै राम्रा हुन्।

मास्कोका प्रोफेसर ''फीनामीन''ले लेख्नुभएको छ :

मानिसले आफ्नो प्राणलाई खानखुराकबाट राहत पुऱ्याउन चाहन्छ तर कहिलेकाहीँ प्राणले त्यसलाई नकार्छ। यसर्थ उसले आफ्नो प्राणमाथि ब्रत बस्न अनिवार्य गर्छ ताकि त्यसको आन्द्राभुँडीलाई राहत र आराम हासिल होस्।

यस्तै ''बील्वी''ले जोड दिएर लेख्नुभएको छ :

प्रत्येक व्यक्ति खासगरी ठुल-ठूला सहरमा बस्ने मानिसहरुमाथि अनिवार्य छ कि १ वा २ सप्ताह सम्म खानपिनलाई त्यागेर प्रत्येक वर्ष ब्रत बस्ने अभ्यास गरोस् ताकि जीवित रहेसम्म राम्रो स्वास्थ्य बाट लाभान्वित होस्।

प्रश्न(५७) के यो सही हो कि ब्रतले मोटापन कम हुन्छ?

उत्तर(५७) हो,मानिसले सदैव बढी मात्रामा केही खाइरहन्छ। जसले गर्दा उसको वजन ज्यादा हुन्छ। अनि केही दिन पछि उसलाई ब्लड्प्रेशर र अंगप्रत्यङ्गमा हुने रोगहरुले सताउन थाल्छन्। फेरि ऊ विरामी नै भएर बस्न थाल्छ। जसलाई कम गर्नका लागि ब्रत बस्नु धेरै उपयोगी हुन्छ।

प्रश्न(५८) के ब्रत बस्नाले भोग-विलास कम हुन्छ?

उत्तर(५८)हो,ब्रत बस्नाले भोग-विलास कम हुन्छ। जसले गर्दा ऊ बलात्कार जस्तो ठूलो पापबाट सुरक्षित रहन सक्छ। जस्तै एउटा हदीसमा छ :

يَا مَعْشَرَ الشَّبَابِ ! مَنِ اسْتَطَاعَ مِنْكُمُ الْبَاءَةَ فَلْيَتَزَوَّجْ فَإِنَّهُ

اَغَضُّ لِلْبَصَرِ وَ اَحْصَنُ لِلْفَرَجِ وَمَنْ لَمْ يَسْتَطِعْ فَعَلَيْهِ بِالصَّوْمِ فَاِنَّهُ لَهُ وِجَاءٌ

- متفق عليه

*हे युवा समुदाय! तिमीहरुमध्ये खानखुराकको क्षमता जोसँग छ उसले विवाह गरोस्। किनकि यसले आँखा झुक्छ र लिङ्गको सुरक्षा हुन्छ र जोसँग खानखुराकको क्षमता छैन भने त्यस माथि ब्रत अनिवार्य छ। किनकि यसले भोग-विलास कम हुन्छ।*

*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(५९) के ब्रतले चुरोट सेवन गर्नेहरुलाई पनि फाइदा हुन्छ?

उत्तर(५९)हो,मानिसले चुरोट सेवन गर्दा गर्दै यति प्रशस्त पैसा आफूलाई नै हानि पुऱ्याउनमा लगाउन थाल्छ कि ऊ सहसा विरामी हुनजान्छ। कुलतबाट ऊ धेरै दुखी हुन्छ। साथै उसको मुखको गन्धले मानिसहरु पनि ऊ सित घृणा गर्न थाल्छन्। अब यस्तो अवस्था कहिलेकाहीँ उसको हृदयमा चुरोटको बानीलाई त्याग्ने भावना उत्पन्न हुन्छ। तर चाहेको कुरा पुरा हुँदैन। किनकि मानिस स्वतन्त्र छ। यसले गर्दा कुनै यस्तो नियम-कानून हुनु पऱ्यो जसको उल्लंघन गर्दाखेरि यस्ता मानिसहरुलाई दण्ड-सजा दिइयोस् र प्रत्येक व्यक्तिमाथि अनिवार्य गरियोस् कि उसले ब्रत बस्नु नै पर्छ। अनि यस विपरीत बिना कुनै कारणले छोड्दाखेरि त्यो पापीहरुमध्ये हुनेछ भन्ने कुरो उसले अवश्य सोच-विचार गरोस्। स-साना बालबालिका र अन्य मानिसहरुलाई रमजानको महिना भरि ब्रत बसेको हेर्दाखेरि ऊ पनि ब्रत बस्छ। फेरि यसरी उसको

पुरानो बानीमा सुधार र पहिलेको भन्दा अलिक कम गर्छ। अनि इन्शाअल्ला(यदि अल्लाहले चाहनुभयो)त्यसलाई उसले छोड्ने अठोट निर्णय पनि गर्न सक्छ।

प्रश्न(६०) ब्रत कुन कुन कुराले भंग हुन्छ?

उत्तर(६०) ब्रत निम्नलिखित कुराहरुले भंग हुन्छ।

१. जानी बुझीकन केही खानाले वा पिउनाले।

२.ब्रतको अवस्थामा स्त्री संभोग गर्नालि वा हस्तमैथुन गर्नालि।

३.स्वच्छाले छादनाले।

४.ब्रतको अवस्थामा जानी बुझीकन नाक वा मुखमा पानी यति हाल्नाले जो कण्ठ भित्र प्रवेश गरोस्।

५.पोसिलो सुईले जसले गर्दा खान र पिउनको आवश्यकता बाँकी नरहोस्।

६.मदिरापान सेवन गर्नालि।

७.गोदना गोदाउनाले वा स्वयं खोपेनाले।

८. मासिक धर्म आउनाले वा प्रसवजन्यको अवस्थामा हुनाले।

९.ब्रत नबस्ने नियत गर्नालि।

१०.बहुलापनले वा बेहोसीले आदि।

प्रश्न(६१) ब्रत भंग नगर्ने केही कुराहरु बताउनुहोस्?

उत्तर(६१) निम्नलिखित कुराहरुबाट ब्रत भंग हुँदैन।

१.बिर्सेर खानाले वा पिउनाले।

२.स्वप्नदोषले।

३.आफै छाद आउनाले।

४.दतिवन प्रयोग गर्नालि।

५.चर्को गर्मीको अवस्थामा शितलता प्राप्त गर्ने उद्देश्यले

वा बिना कुनै कारणले टाउकोमाथि पानी हाल्नाले।
६.वुजूको समय नाक वा मुखमा पानी हाल्नाले जब कि त्यो एक्कासी मुखमा नै पसोस्।
७.आवश्यक अनुसार केही चाखेर थुक्नाले।
८.आँखामा सुर्मा वा टाउको र शरीरमा तेल लगाउनाले।
९. खुशबु प्रयोग गर्नालि।
१०.लाम खुट्टे(मच्छर)माटो वा धुवाँ कण्ठमा पस्नाले।
११.रगत बग्नाले चाहे त्यो मुखको बाहिरबाट होस् वा भित्रबाट।
१२.दाँत निकाल्नाले ।
१३.आवश्यक अनुसार कसैलाई रगत दिनाले आदि।

प्रश्न(६२) "कजा" र "कफ्फार:" भनेको के हो?

उत्तर(६२)कजाको अर्थ हो कुनै काम समयमा गर्न सकिन्न भने पछि त्यसलाई पूरा गर्नु र कफ्फार:को अर्थ हो जरिवाना तिर्नु।

प्रश्न(६३) कुन अवस्थामा ब्रत "कजा" गर्नुपर्छ र कुन अवस्थामा "कफ्फार:" दिनुपर्छ र कहिले दुबै गर्नु अनिवार्य हुन्छ?

उत्तर(६३) कुनै उचित कारणले ब्रत छुटेको छ भने त्यस्तो अवस्थामा ब्रतलाई कजा गर्नुपर्छ। जस्तै बिरामी हुनाले,यात्राको अवस्थामा ब्रत नबस्नाले र महिलाहरुलाई मासिक धर्म आउनाले वा प्रसवजन्यको अवस्थामा भएकाले। मात्र कफ्फार: दिने अवस्था त केही यस्तो छैन तर यदि मानिस सहसा बिरामी छ वा यति बूढो भइसकेको छ कि उसलाई स्वास्थ्य प्राप्त हुने सम्भव छैन भने यस्तो अवस्थामा उसले प्रत्येक

दिनको सट्टामा एक जना गरिबलाई दुबै समय खाना खुवाउनुपर्छ,जसलाई "फिदया" भनिन्छ। र जहाँ सम्म कजा र कफ्फार: दुबैको कुरा छ भने त्यो यस्तो अवस्थामा अनिवार्य हुन्छ जब कि कसैले ब्रतको अवस्थामा स्त्री संभोग गरेको छ।

प्रश्न(६४) कजामा के गर्नुपर्छ र कफ्फार:मा के गर्नुपर्छ?

उत्तर(६४) कजामा जति दिनको ब्रत छुटेको छ भने त्यति दिनको ब्रत बसेर छुटेको ब्रतलाई पूरा गर्नुपर्छ र कफ्फार:मा स्त्री संभोग गरेको अवस्थामा एउटा दासलाई स्वतन्त्र गर्नुपर्छ र यदि यसको क्षमता छैन भने ६0 दिनको लगातार ब्रत बस्नुपर्छ र यदि यसको पनि क्षमताछैन भने ६0 जना गरिब गुरुवाहरुलाई खाना खुवाउनुपर्छ।

प्रश्न(६५) के यो सही हो कि रमजानको एउटा ब्रत कैयौं महिनाको ब्रत भन्दा पनि राम्रो हो?

उत्तर(६५)हो, बरु जीवन भरिको ब्रत भन्दा पनि राम्रो हो। किनकि कुनै व्यक्तिले जानी बुझीकन रमजानको ब्रत बसेको छैन भने उसले त्यसको सट्टामा जति पनि ब्रत बसोस् त्यो रमजानको एउटा ब्रतको समान हुन सक्दैन। यहाँ ध्यान दिनु पर्ने कुरा यो हो कि जुन काम समयमा गरिन्छ त्यो सधैं नै राम्रो हुन्छ र जुन काम समयमा गरिंदैन भने त्यो जहिले पनि पहिलो जस्तो हुँदैन। यहाँ त्यो नै कुरा लागु हुन्छ बरु सांसारिक मामिलामा कहिलेकाहीं विपरीत पनि हुन सक्छ तर रमजानको ब्रतको मामिलामा कहिले पनि त्यस्तो हुन सक्दैन।

प्रश्न(६६)"एतकाफ''भनेको के हो?

उत्तर(६६) रमजानको अन्तिम दशकमा अल्लाहको उपासना गर्नको लागि कुनै यस्तो मस्जिदमा बस्नु जसमा ५ समयको नमाज पढिन्छ।अर्थात २१ रमजान-को फज्रको नमाजपछि मस्जिदमा एतकाफको नियतले बस्नु र ईदुल्फित्र पर्वको चन्द्रमा नहुञ्जेल कुनै आवश्यकता बिना बाहिर नजानुलाई एतकाफ भन्छि।

प्रश्न(६७)"एतकाफ'' कति दिनको हुन्छ?

उत्तर(६७) एतकाफ अन्तिम दशकमा बस्नु सुन्नत हो। जुन चाहिँ अरबी महिनको हिसाबले कुनै वर्ष १० दिनको र कुनै वर्ष ९ दिनको हुन्छ।

प्रश्न(६८) यदि कसैसित दस दिनको समय छैन तर त्यो एतकाफमा बस्न चाहीरहेको छ भने उसले के गर्नुपर्छ?

उत्तर(६८)दस दिन समय नभएको अवस्थामा सुविधा अनुसार एतकाफ गर्न सकिन्छ। तर अन्तिम दशकको एतकाफ नै "सुन्नत'' हो।

प्रश्न(६९) केही मानिसहरुको बारेमा हदीसमा छ कि तिनीहरुलाई ब्रतबाट भोक र तिर्खा बाहेक अन्य केही प्राप्त हुने छैन भने तिनीहरु कस्तो खालका मानिसहरु हुन्?

उत्तर(६९) तिनीहरुको व्याख्या निम्न हदीसमा यस प्रकार छ :

مَنْ لَمْ يَدَعْ قَولَ الزُّوْرِ وَالْعَمَلَ بِهِ فَلَيْسَ لِلهِ حَاجَةٌ فِيْ أَنْ يَدَعَ طَعَامَهُ وَ شَرَابَهُ

- البخاري

*जसले झूठ बोल्न र त्यस अनुसार कर्म गर्नलाई छाडेन भने अल्लाहलाई केही आवश्यकता छैन कि उसले आफ्नो खानपिनलाई छाडोस्।*

*हदीसको संग्रह : बुखारी*

उपरोक्त हदीसबाट प्रष्ट हुन्छ कि झूठ एउटा ठूलो पाप हो। जसलाई सधैं छाड्नुपर्छ तर रमजानको महिनामा खास गरी त्यसलाई छाड्नुपर्छ। किनकि यदि मानिस झूठा छ भने त्यो कुनै पनि प्रकारको पाप गर्ने योजना बनाउन सक्छ। चाहे त्यो ब्रतको अवस्थामा होस् वा अन्य कुनै अवस्थामा होस्। तर त्यसलाई थाहा छ कि म जे पनि गरिरहेको छु, त्यसको अवश्य सोधपुछ लोक र परलोक दुबैमा हुनेछ भने उसले आफूलाई खास गरी ब्रतको अवस्थामा झूठ र त्यस्तो अन्य पापहरुबाट सुरक्षित राख्छ। अनि यसरी उसको लोक र परलोक दुबै राम्रो हुन्छ।

प्रश्न(७०) ब्रत कसैले बस्छ तर नमाज पढ्दैन भने के उसको ब्रत स्वीकार गरिन्छ?

उत्तर(७०) यस्तो खालका मानिसहरुको पनि ब्रत स्वीकर गरिदैन। किनकि जसरी रमजान महिनाको ब्रत इस्लामका स्तम्भहरुमध्ये आउँछ त्यसरी नै नमाज पनि इस्लामका स्तम्भहरुमध्ये आउँछ। बरु नमाज मुसलमानको परिचायक चिन्ह र इस्लामको दोश्रो स्तम्भ हो। यसले नै मानिसको ईमान र कुफ्रको निर्णय गर्छ। जब नमाज यति महत्वपूर्ण स्तम्भ हो भने यसलाई छाडेर कसरी ब्रतलाई स्वीकार हुने आशा गर्न सकिन्छ? यसैले एउटा हदीसमा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

" كَمْ مِنْ صَائِمٍ لَيْسَ لَهُ مِنْ صِيَامِهِ إِلاَّ الظَّمَأ "
- سنن الدارمي وقال الألباني إسناده جيد

*कतिपय यस्ता ब्रत बस्ने व्यक्तिहरु छन्। जसलाई तिर्खा बाहेक ब्रतबाट अझ केही प्राप्त हुने छैन।*
*हदीसका संग्रह : सुनन् दारमी*

प्रश्न(७१) ब्रतालुसित कसैले अनावश्यक कुराकानी वा झग्डा गर्न चाहन्छ भने उसले के गर्नुपर्छ?

उत्तर(७१) यदि कसैले ब्रतालुसित झग्डा, लडाई,व्यर्थ तथा अनावश्यक कुराकानी गर्न चाहन्छ भने उसले भन्नुपर्छ कि म ब्रतमा छु। नम्रतापूर्वक उसलाई सम्झाउनुपर्छ ताकि मामिला झग्डा गर्ने सम्म नपुगोस्। जस्तै एउटा हदीसमा छ :

فَإِذَا كَانَ يَوْمُ صَوْمِ أَحَدِكُمْ فَلاَ يَرْفُثْ وَلاَ يَصْخَبْ فَإِنْ سَابَّهُ أَحَدٌ أَوْ قَاتَلَهُ فَلْيَقُلْ إِنِّي صَائِمٌ
- متفق عليه

*"जब तिमीहरुमध्ये कसैको ब्रत होस् भने उसले न त व्यर्थ कुराकानी नै गरोस् र न कसैलाई गाली गरोस्। यदि कसैले उसलाई गाली दियो वा झग्डा गर्न चाहयो भने उसले भनि देओस् कि म ब्रतमा छु।''*
*हदीसको संग्रह : बुखारी र मुस्लिम*

प्रश्न(७२) एउटा हदीसमा ब्रतलाई ढाल भनेको छ भने त्यसको अर्थ के हो?

उत्तर(७२) त्यसको अर्थ यो हो कि जसरी ढालले मानिसले आफ्नो सुरक्षा गर्छ त्यसरी नै मानिसले

ब्रतद्वारा आफूलाई प्रत्येक प्रकारको पापबाट सुरक्षित राख्छ।

प्रश्न(७३) के रमजान धैर्यको महिना हो?

उत्तर(७३)हो,रमजानमा ब्रत बस्नाले मानिसमा धैर्यको क्षमता उत्पन्न हुन्छ। अनि उसको त्यस्तै बानी बसीसके पछि मात्र खानपिनमा नै होइन बरु प्रत्येक कुलतबाट मानिसले आफूलाई बचाएर अल्लाह र उहाँका अन्तिम सन्देष्टाले तोकिएको सीमित सीमा भित्र नै बस्न थाल्छ।

प्रश्न(७४) के रमजान दानको महिना हो?

उत्तर(७४) हो ,रमजानमा नबी सल्लल्लाहु अलैहि व सल्लमले बढीभन्दा बढी दान गर्नुहुन्थ्यो। अनि यो महिनामा ब्रत बस्नाले मानिसलाई अवश्य थाहा हुन्छ कि गरिब गुरुवाहरुमाथि खर्च गर्नु कति आवश्यक छ। यसैले सकेसम्म मानिसले यसमा खर्च गरेर अल्लाहको प्रसन्नता प्राप्त गर्न चाहन्छ। यसर्थ कोही इफ्तारको बन्दोबस्त गर्छ त कोही सहरीको बन्दोबस्त गर्छ। कोही देश विदेशबाट आएर अर्को देशमा कार्यरत कर्मचारीहरुलाई स्वादिलो र रसिलो खानखुराक पुऱ्याउँछ। ताकि नबी सल्लल्लाहु अलैहि व सल्लमको अनुसरण होस् र हामी सहायक एवं प्रबन्धकहरुलाई पुण्य प्राप्त होस्।

प्रश्न(७५) एउटा हदीसमा आउँछ कि नबी सल्लल्लाहु अलैहि व सल्लम रमजानमा जोडदार हावा भन्दा पनि बढी दाता हुनुहुन्थ्यो भने यसको अर्थ के हो?

उत्तर(७५) यसको अर्थ यो हो कि नबी सल्लल्लाहु अलैहि व सल्लम रमजानको महिनामा अत्यधिक दान गर्नु हुन्थ्यो। खास गरी आदरणीय जीब्रीलसित भेट्ने समयमा,जसरी जोडदार हावा बग्छ त्यसरी नै वहाँ रमजान महिनामा प्रशस्त दान र गरिब गुरुवाहरुमाथि खर्च गर्नुहुन्थ्यो।

प्रश्न(७६) के जिब्रील अलैहिस्सलाम रमजानमा नबी सल्लल्लाहु अलैहि व सल्लमसित भेट्नुहुन्थ्यो?

उत्तर(७६)हो, जिब्रील रमजानमा प्रत्येक राति नबी सल्लल्लाहु अलैहि व सल्लमसित भेट्नुहुन्थ्यो।

प्रश्न(७७)जिब्रील अलैहिस्सलाम प्रत्येक राति रमजान-मा नबी सल्लल्लाहु अलैहि व सल्लमसित किन भेट्नुहुन्थ्यो?

उत्तर(७७)जिब्रील अलैहिस्सलामको उहाँसित प्रत्येक रमजानमा भेट्ने कारण यो थियो कि नबी सल्लल्लाहु अलैहि व सल्लम उहाँसँग कुरआन दोहऱ्याउनु हुन्थ्यो।

प्रश्न(७८) ब्रतको वास्तविक उद्देश्य के हो?

उत्तर(७८) ब्रतले मानिसलाई वास्तवमा ईशभक्त बनाउँछ। चाहे त्यो एकान्तमा रहोस् वा अन्य कुनै ठाउँमा। ब्रतले मानिसलाई यो नै शिक्षा दिन्छ कि अल्लाहल नै हाम्रो स्रष्टा हुनुहुन्छ,यसर्थ उहाँसित नै सधैं डराउनुपर्छ।

प्रश्न(७९) के यो सही हो कि ब्रतले मानिसलाई अल्लाहको आभारी हुने आदेश दिन्छ?

उत्तर(७९) हो,ब्रतले मानिसलाई अल्लाहको आभारी

हुने आदेश दिन्छ।

प्रश्न(८०) ब्रतले मानिसलाई अल्लाहको आभारी हुने आदेश कसरी दिन्छ ?

उत्तर(८०) ब्रतले मानिसलाई अल्लाहको आभारी हुने आदेश यसरी दिन्छ कि अल्लाहले हामीमाथि विभिन्न प्रकारको आफ्नो उपहार गर्नुभएको छ। जसको सम्बन्धमा हामी कहिले विचार पनि गर्दैनौं। बरु यो नै विचार गर्छौं कि यस प्रकारका सबै चीज–वस्तुहरु आजको आधुनिक युगमा कुनै ठूलो कुरा होइन। तर रमजानको महिनामा ब्रत बस्दाखेरि थाहा हुन्छ कि यो पानी जसको मानिसको दृष्टिमा कुनै महत्व छैन।–जस्तो हाम्रो व्यवहारबाट प्रष्ट हुन्छ– कति ठूलो अल्लाहको हामी माथि उपहार हो।यस्तै विभिन्न प्रकारको स्वादिलो र चीसो खानखुराक जुन चाहिं हामीले आरामदायी भवनमा बसेर मजाले नित्य दिन खान्छौं भने त्यसको कति महत्व छ। यसैले अल्लाहले भन्नुभएको छ :

وَلَعَلَّكُمْ تَشْكُرُوْنَ

- البقرة\185

*र ताकि तिमीहरु आभारी हुव।*

*पवित्र कुरआन 2:185*

प्रश्न(८१)के रमजान महिनाको ब्रतले समानताको आदेश दिन्छ?

उत्तर(८१) हो, रमजान महिनाको ब्रतले अवश्य समानताको आदेश दिन्छ।

प्रश्न(८२)रमजान महिनाको ब्रतले कसरी समानता को आदेश दिन्छ ?

उत्तर(८२) रमजान महिनाको ब्रतले सम्पूर्ण मुस्लिमलाई समान जनाउँछ । अनि त्यो यसरी कि यस शुभ महिनको ब्रत प्रत्येक मुसलमान –जसमा ब्रत बस्ने शर्तहरु पाइन्छन्–ले अनिवार्य रुपमा ब्रत बस्नुपर्छ। यस्तो होइन कि कोही ठूलो वंशको हुनाले ब्रत बस्दैन वा बिना कुनै कारणको एउटा पनि ब्रतलाई छोड्न सक्छ।

प्रश्न(८३) ब्रत स्वीकार हुनका लागि के गर्नुपर्छ?

उत्तर(८३) हाम्रो ब्रत स्वीकार कसरी हुन्छ भने हामीलाई सर्वप्रथम थाहा हुनुपर्‍यो कि जुन सुकै पनि इस्लामी धार्मिक कर्म होस्। यदि त्यसमा २ शर्तहरु पाईदैनन् भने त्यो व्यर्थ जानेछ।

१.त्यसबाट अल्लाहको प्रसन्नता प्राप्त गर्नु।

२.नबी सल्लल्लाहु अलैहि व सल्लमले बताएको तरिका अनुसार त्यसलाई गर्नु।

उक्त दुबै शर्तहरु यहाँ पनि लागु हुन्छन् ।यसर्थ हामी सबै ब्रतालुले यसतर्फ ध्यान दिनु आवश्यक छ।

प्रश्न(८४)आइमाईहरु यदि सहरीको समय समाप्त हुने अलिकति अघि मासिक धर्म वा प्रसवजन्यको रगतबाट पवित्र भएकी छिन् भने तिनीहरुले के गर्नुपर्छ?

उत्तर(८४) यस्तो अवस्थामा ब्रतको नियत गर्नुपर्छ र ब्रत बस्नुपर्छ। चाहे सहरीको समय समाप्त भए पछि नै गएर नुहाउन्।

प्रश्न(८५) युवकहरुमध्ये कोही सहरीको समय समाप्त

हुने अघि अपवित्र छ भने उसले के गर्नुपर्छ?

उत्तर(८५)उसले पनि अनिवार्य रुपमा ब्रत बस्नुपर्छ। तर जति छिटो भ्याउँछ, त्यति छिटो नुहाउनर्पछ।

प्रश्न(८६) नुहाउनमा ढिलो भयो जसले गर्दा फज्रको नमाज पाइएन भने के गर्नुपर्छ?

उत्तर(८६)नुहाउने वित्तिकै फज्रको नमाजलाई पढ्नुपर्छ। अनि अल्लाहसित फेरि यस्तो ढिलो न गर्नका लागि माफी माग्नुपर्छ। किनकि बिना कुनै उचित कारणले नमाजलाई सामुहिक रुपमा नपढ्नु एक प्रकारको ठूलो कमी हो।

प्रश्न(८७) केही आइमाईहरुले रमजानमा ब्रत बस्नका लागि मासिक धर्मलाई रोक्ने टेब्लेट प्रयोग गर्छन्, के यो सही हो?

उत्तर(८७)जहाँ सम्म रमजानको महिनामा लगातार ब्रत बस्ने उद्देश्यले मासिक धर्म रोक्ने टेब्लेट खाने कुरा छ भने यस्तो नगर्नु नै राम्रो हो। किनकि अल्लाहले तिनीहरुलाई यही प्रकृतिमा पैदा गर्नुभएको छ र उहाँ नै हाम्रो गुप्त तथा प्रष्ट रहस्य एवं समस्याहरुलाई राम्ररी जान्नु हुन्छ।यसर्थ अल्लाहको तत्वदर्शितालाई न नकारिकन यस्तो अवस्थामा अल्लाहबाट प्राप्त भएको सुविधालाई स्वीकार्नुपर्छ । अनि पछि गएर छुटेको ब्रतलाई पूरा गर्नुपर्छ। साथै यो पनि थाहा रहोस् कि मासिक धर्मको स्थितिमा त्यसलाई बन्द गर्न औषधिको प्रयोग हानिकारक पनि छ । जसको प्रभाव विशेष गरी गर्भाशयमाथि पर्छ। आदरणीय इब्ने उसयमीन रहेमहुल्लाहको फतवा(कसैले गरेको कर्म उचित वा अनुचित के हो सोबारे धर्मगुरुद्वारा दिइएको

आदेश) यो नै हो। हेर्नुहोस (फतावा इस्लामीया)

प्रश्न(८८) म २५ वर्षीय युवती हुँ। तर मैले २१ वर्षको उमेर सम्म लापरवाही गरिकन न त नमाज पढ्थें र न ब्रत नै बस्थें। जबकि मेरा आमाबुबाले मलाई सम्झाउँथे। जसको म केही वास्ता नै गर्दिनथें अब अल्लाहले मलाई सत्य मार्ग देखाउनु भयो। म माथि के गर्नु अनिवार्य छ?

उत्तर(८८) तौबा(प्रायश्चित)ले अघिल्ला सबै पापहरुलाई मिटाई दिन्छ। तिमी माथि अनिवार्य छ कि बितेका पापहरुलाई फेरि नगर्ने अठोट निर्णय गर,त्यसमाथि लज्जित होउ र स्वच्छ हृदयले अल्लाहको उपासना गर र रात–दिनमा बढीभन्दा बढी नफ्ल नमाज पढ, पवित्र कुरआनको पठन र प्रार्थना गर अनि नफ्ल ब्रत पनि बस। अल्लाहले आफ्ना भक्तहरुको तौबा स्वीकार्नु हुन्छ र पापहरुलाई क्षमा गर्नु हुन्छ।

(इब्ने बाज)

प्रश्न(८९) के कुनै उचित कारणले ब्रत नबसेको अवस्थामा सबैको अगाडि केही खानु कस्तो हो?

उत्तर(८९)ब्रत नबसेको अवस्थामा ब्रतालुहरुको अगाडि केही खानु र पिउनु उचित होइन। बरु एकान्तमा नै बसेर केही खानु राम्रो हो। ताकि उनीहरुलाई ब्रतको अवस्थामा खाने तर्फ ध्यान आकर्षण नहोस्।

प्रश्न(९०)मासिक धर्ममा भएकी आइमाई अपराह्नमा मासिक धर्मबाट पवित्र भएकि छे भने के त्यसले बाँकी दिनभरि खानपिनबाट पर्खनुपर्छ?

उत्तर(९०) जब कुनै युवती रमजानमा दिनका

अपराह्नमा मासिक धर्म वा प्रसवजन्यबाट पवित्र भएकी छे भने दिनको बाँकी भागमा केही नखाएर बस्ने छे र पछि त्यो दिनको ब्रतलाई पूरा गर्नेछे। किनकि त्यसको केही खानुबाट रोक्नु समयको हिसाबले र पूरा गर्नु पूरा ब्रत नबस्नाले हो।किनकि त्यसमाथि पूरा महिनाको ब्रत अनिवार्य छ र जो आधा दिन ब्रत बस्छ भने उसलाई ब्रतालु भनिँदैन।

(इब्ने जब्रीन/फतावा इस्लामीया)

प्रश्न(९१) चालीस दिन भन्दा अघि नै प्रसवजन्यको रगत आउन बन्द भयो भने के रमजानको ब्रत बस्नुपर्छ?

उत्तर(९१) हो, यदि कसैको प्रसवजन्यको रगत चालीस दिन भन्दा अघि नै बन्द भयो र रमजानको महिना छ भने ब्रतालुहरुसँग ब्रत बस्नुपर्छ र छुटेको ब्रतलाई पछि पूरा गर्नुपर्छ। किनकि चालीस दिन कुनै सीमा होइन, बरु कारण उक्त रगत थियो। अब त्यो बन्द भयो भने कारण समाप्त भयो। अनि फेरि ब्रत बस्नमा ढिलो किन गर्ने?

प्रश्न(९२) कुनै व्यक्तिले छुटेको ब्रतलाई आगामी रमजान सम्म बसेन भने उसलाई के गर्नुपर्छ?

उत्तर(९२)जसले कुनै कारणले जस्तै रोग,यात्रा आदिले ब्रत बसेको छैन भने उसमाथि अनिवार्य छ कि आगामी रमजान भन्दा अघि नै ब्रत बसोस्। र यसका लागि दुबै रमजानको बीचमा समय छ। तर आगामी रमजान सम्म पूरा गरेन भने कजासँग एउटा गरिबलाई प्रत्येक दिन खाना खुवाउनुपर्छ।जुन चाहिँ आधा"साअ्''(१किलो१२५ग्राम) हो।र यदि आगामी

रमजान भन्दा अघि नै पूरा गर्‍यो भने खाना खुवाउने आवश्यकता छैन ।

(इब्ने बाज)

प्रश्न(९३) के रमजानको महिनामा ढिलो गरेर सुत्नु राम्रो हो?

उत्तर(९३) होइन,रातमा इशाको नमाज र रमजानमा तरावीहको नमाजपछि बिना कुनै आवश्यकताले ढिलो गरेर सुत्नु राम्रो होइन।र यदि फज्रको नमाज ढिलो गर्नाले छुट्छ भने राति जागरण गर्नु अवैध हुन्छ। आवश्यक अनुसार मानिस जागरण गर्न सक्छ तर ध्यान दिनुपर्छ कि सहरी वा नमाज छुटी रहेको छैन नि?

प्रश्न(९४)ब्रतको अवस्थामा हामीले के गर्नुपर्छ?

उत्तर(९४)ब्रतको अवस्थामा बढीभन्दा बढी पवित्र कुरआनको पठन-पाठन गर्नु र त्यसको परिभाषा सिक्नमा समय लगाउनु राम्रो हो। अल्लाको जप गर्नु,समयमा नमाज पढ्नु र अनावश्यक कुराकानीमा आफ्नो बहुमूल्य समय नलगाउनु नै लाभदायक हुन्छ। प्रश्न(९५) ब्रतालुमाथि यदि कसैले जोर जबरजस्ती गरेको छ भने के उसको ब्रत भंग हुन्छ?

उत्तर(९५)हुँदैन,किनकि यो उसले आफ्नो मनले गरेको छैन बरु कसैको करकापले गर्दा यस्तो भएको छ।

प्रश्न(९६) कसरी थाहा हुन्छ कि हाम्रो ब्रत स्वीकार गरियो?

उत्तर(९६) यस सम्बन्धमा हामी धेरै कुरा लेख्न

सक्छौं तर संक्षिप्तमा यो नै भन्नछौं कि यदि ब्रतबाट मानिसको वर्तमान र गतको जीवन व्यवस्था,स्वभाव र ईशभक्तिमा परिवर्तन भइरहेको छ। त्यो पहिले भन्दा राम्रो हुन गइरहेको छ। र जुन कुकर्म गरिरहेको थियो त्यसलाई त्यागी पनि दिएको छ। यदि वास्तवमा उसको जीवनमा यस प्रकारको परीवर्तन भइरहेको छ भने आशा गर्नुहोस् कि उसको ब्रत (इन्शाअल्लाह) स्वीकार गरिएको छ।

प्रश्न(९७)''सदकतुल्फित्र''भनेको के हो?

उत्तर(९७) हामी सबैको तर्फबाट ''ईदुल्फित्र''को नमाज अघि एक साअ् वा त्यसको बराबर अनाज निकालेर गरिब गुरुवामाथि खर्च गर्नलाई ''सदकतुल्फित्र'' भनिन्छ।जुन चाहिँ अहिलेको हिसाबले लगभग २ किलो २५० ग्राम हुन्छ। अनि यसका लागि चामल,गहुँ,जौ,खजूर आदि अनाज नै निकाल्नु राम्रो हो।

प्रश्न(९८)''सदकतुल्फित्र'' कसको तर्फबाट दिनुपर्छ?

उत्तर(९८)त्यो हामी सबैको तर्फबाट दिनुपर्छ। चाहे कोही ठूलो होस् वा सानो,स्वतन्त्र होस् वा सेवक,पुरुष होस् वा स्त्री यहाँ सम्म यदि कसैको नमाज अघि जन्म भएको छ भने त्यसको तर्फबाट पनि ''सदकतुल्फित्र'' दिनुपर्छ।

प्रश्न(९९) यसको कारण के हो?

उत्तर(९९) यसको २ वटा प्रमुख कारणहरु छन्।

१.गरिब गुरुवाहरुलाई पर्वको खुसियालीमा सम्मिलित

गर्नु ।

२. यसबाट ब्रतमा भएका सानातिना त्रुटिहरु माफ गरिने छन् र कमी कमजोरीहरुको पुर्ती हुनेछ ।

प्रश्न(१००) बद्रको युद्ध कहिले भएको थियो र त्यसमा कसलाई विजय प्राप्त भयो?

उत्तर(१००) बद्रको युद्ध १७ रमजान सन् २ हिज्रीमा भएको थियो र त्यसमा मुसलमानहरुलाई नास्तिकहरुमाथि विजय प्राप्त भएको थियो ।

अहिलेसम्म पवित्र रमजानको ब्रत सम्बन्धी केही आवश्यक कुराहरु पढ्नुभयो। अब केही यस्तो प्रकारका ब्रतको संक्षिप्तमा विवरण गरिएको छ।जसलाई बस्दा-खेरि पुण्य प्राप्त हुन्छ। नबी सल्लल्लाहु अलैहि व सल्लम स्वयं यसमा ब्रत बस्नुहुन्थ्यो र यस माथि प्रोत्साहित पनि गर्नुभएको छ।तर यसलाई कसै माथि अनिवार्य गर्नुभएको छैन।यस्ता खालका ब्रतहरुलाई "सुन्नत ब्रत" भनिन्छ।

## (१) शौव्वालको ब्रत :-

शौव्वालको महिनाभरिमा जहिले पनि(ईदुल्फित्र पर्वको दिन बाहेक) चाहे त्यो निरन्तर रुपमा होस् वा छुट्टाछुट्टै ६ दिनको ब्रत बस्नु धेरै पुण्यको काम हो। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :-

مَنْ صَامَ رَمَضَانَ ثُمَّ أَتْبَعَهُ سِتًّا مِنْ شَوَّالٍ كَانَ كَصِيَامِ الدَّهْرِ - مسلم

*जसले रमजानको ब्रत बस्यो। फेरि शौव्वाल महिनामा ६दनिको ब्रत पनि बस्यो भने उसको ब्रत पूरा एक वर्षसम्म बसेको ब्रत झौं भयो।*

(मुस्लिम)

## (२)मुहर्रम (आशूरा)को ब्रत :-

दस मुहर्रमको ब्रत बस्नु ठूलो पुण्यको काम हो। किनकि यो तारिखमा नै अल्लाहले मूसा अलैहिस्सलाम-लाई फिर्औन र उसको फौजबाट मुक्ति दिनुभएको

थियो। यसैले मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले पनि मदीना प्रवास गरी सकेपछि मदीनाका यहूदीहरुलाई यस शुभ तारिखमा ब्रत बसेको देखेर स्वयं ब्रत बस्नुभयो र आफ्ना श्रद्धालु साथीहरुलाई पनि ब्रत बस्नको परामर्श दिनुभयो। -किनकि सम्पूर्ण सन्देष्टाहरु एकआपसमा इस्लाम धर्मको नाताले एकअर्काका दाजुभाइ हुन्- साथै यो पनि भन्नुभयो :-

*यदि म आगामी वर्षसम्म जीवित रहें भने अवश्य ९ तारिखको पनि ब्रत बस्नेछु।*

(मुस्लिम)

यर्थ उक्त तारिखमा ब्रत बस्दाखेरि साथमा एक दिन अझ अगाडि वा पछाडि थपेर ब्रत बस्नुपर्छ, ताकि यहूदीहरुको ब्रत जस्तै हाम्रो ब्रत नहोस्।मुहर्रम-को ब्रतको सम्बन्धमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :-

أَفْضَلُ الصِّيَامِ بَعْدَ رَمَضَانَ شَهْرُ اللهِ الْمُحَرَّمُ وَ أَفْضَلُ الصَّلَاةِ بَعْدَ الْفَرِيْضَةِ صَلَاةُ اللَّيْلِ - مسلم

*रमजानको ब्रतपछि सर्वोत्तम ब्रत अल्लाहको महिना मुहर्रमको ब्रत हो र अनिवार्य नमाजपछि सर्वोत्तम नमाज रातको नमाज हो।*

(मुस्लिम)

*आदरणीय अब्दुल्लाह पुत्र अब्बासले भन्नुभएको छ कि नबी सल्लल्लाहु अलैहि व सल्लमले आशूराको ब्रत बस्नुभयो र त्यसको ब्रत बस्ने आदेश पनि दिनुभयो।*

(बुखारी र मुस्लिम)

*नबी सल्लल्लाहु अलैहि व सल्लमसित आशूराको ब्रतको बारेमा सोधियो? उहाँले भन्नुभयो। यसले गत वर्षका(स–साना) पापहरुलाई समाप्त पार्छ।*

(मुस्लिम)

(३) शाअ्बानको ब्रत :-

नबी सल्लल्लाहु अलैहि व सल्लम शाअ्बानको महिनामा पर्याप्त ब्रत बस्नुहुन्थ्यो। जस्तै आदरणीय आइशा रजीयल्लाहु अन्हाले भन्नुभएको छ :-

لَمْ يَكُنِ النَّبِيُ صَلَّي اللهُ عَلَيْهِ وَ سَلَّمَ يَصُوْمُ مِنْ شَهْرٍ أَكْثَرَ مِنْ شَعْبَانَ فَإِنَّهُ كَانَ يَصُوْمُ شَعْبَانَ كُلَّهُ وَ فِي رِوَايَةٍ كَانَ يَصُوْمُ شَعْبَانَ إِلَّاقَلِيْلاً -متفق عليه

*शाअ्बान भन्दा बढी ब्रत नबी सल्लल्लाहु अलैहि व सल्लमले अन्य कुनै महिनामा बस्नु हुन्नथ्यो। पूरा शाअ्बानको ब्रत बस्नुहुन्थ्यो। र अर्को वर्णन बमोजिम शाअ्बानमा धेरै कम ब्रत बस्नुहुन्थ्यो।*

(बुखारी र मुस्लिम)

उक्त हदीसको अर्थ यो हो कि कहिलेकाहीँ नबी सल्लल्लाहु अलैहि व सल्लम यति अत्यधिक शाअ्बानमा ब्रत बस्नहुन्थ्यो कि हामी विचार गर्थ्यौं कि अब उहाँले निरन्तर रुपमा ब्रत नै बस्नुहुन्छ र कहिलेकाहीँ यसरी छोड्नु हुन्थ्यो कि हामी लाई लाग्थ्यो कि अब वहाँले ब्रत नै बस्नु हुन्न।

(४) १३, १४ र १५को ब्रत :-

अरबी पात्रोको आधारमा प्रत्येक महिनाको १३, १४ र १५ तारिखका ब्रत बस्नु प्रमाणित छ।जसलाई

अरबीमा "सेयामु अैयामिल्बीज''भनिन्छ।यसमा ब्रत बस्नु अति नै लाभदायक हुनेछ। जस्तै आदरणीय अबूहुरैरह रजीयल्लाहु अन्हुले भन्नुभएको छ :-

أَوْصَانِي خَلِيْلِي صَلَّي اللهُ عَلَيْهِ و سَلَّمَ بِثَلَاثٍ :صِيَامِ ثَلَاثَةِ أَيَّامٍ مِنْ كُلِّ شَهْرٍ وَرَكْعَتَي الضُّحَي وَ أَنْ أُوتِرَ قَبْلَ أَنْ أَنَامَ

متفق عليه

*नबी सल्लल्लाहु अलैहि व सल्लमले मलाई हरेक महिनामा ३दिनको ब्रत बस्ने इश्राकको २ रकात नमाज पढ्ने(फज्रको नमाज सामूहिक रुपमा पढेर मस्जिदमा नै बसी राख्नु र अल्लाहको जप गर्नु यहाँ सम्म कि सूर्योदय भइहालोस् अनि त्यसका एक छिनपछि २ रकअ्त नमाज पढ्नुलाई इश्राकको नमाज भनिन्छ)र सुत्ने अघि वित्रको नमाज पढ्ने वसीयत गर्नुभयो।*

(बुखारी र मुस्लिम)

## (५) सोमवार र बिहीवारको ब्रत :-

नबी सल्लल्लाहु अलैहि व सल्लम सोमवार र बिहीवारको पनि ब्रत बस्नुहुन्थ्यो। जस्तै आदरणीय आइशा रजीयल्लाहु अन्हाले भन्नुभएको छ :-

*नबी सल्लल्लाहु अलैहि व सल्लम सोमवार र बिहीवारको सदैव ब्रत बस्नुहुन्थ्यो।*

(तिर्मिजी)

एउटा अर्को हदीसमा यसको कारण स्पष्ट गर्दै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :-

تُعْرَضُ الأَعْمَالُ يَوْمَ الإِثْنَيْنِ وَالْخَمِيسِ فَأحَبُّ أنْ يُعْرَضَ عَمَلِي وَأنَا صَائِمٌ -الترمذى

*सोमवार र बिहीवारको कर्महरु पेश गरिन्छन् यसर्थ म चाहन्छु कि मेरो कर्मको पेशी होस् र म ब्रतमा रहनेछु।*

(तिर्मिजी)

## (६)अरफाको दिनको ब्रत :

अरफाको दिनमा ब्रत बस्नु धेरै पुण्यको काम हो। जस्तै एउटा हदीसमा छ :-

سُئِلَ رَسُوْلُ اللهِ صَلَّي اللهُ عَلَيْهِ وَ سَلَّمَ عَنْ صَوْمِ يَوْمِ عَرَفَةَ؟ قَالَ : يُكَفِّرُ السَّنَةَ الْمَاضِيَةَ وَالْبَاقِيَةَ - مسلم

*रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लमसित अरफाको ब्रतको बारेमा सोधियो? उहाँले भन्नुभयो कि यसले गत बर्ष र आगामी वर्षका(स-साना) पापहरुलाई समाप्त पार्छ।*

(मुस्लिम )

अरफाको ब्रत भन्नाले जुल्हिज्जाको नवौं तारिख हो।जसमा संसारको कुना-काप्चाबाट साउदी अरबको पवित्र धार्मिक स्थल मक्का हज गर्न जाने हाजीहरु मक्काबाट केही टाढा अरफाको मैदानमा भेला हुन्छन्। स्पष्ट रहोस् कि यस दिनको ब्रत बस्नु हाजी(तीर्थ यात्री)का लागि प्रमाणित छैन।

## (७) जिल्हिज्जाको प्रथम दशकको ब्रत :-

जिल्हिज्जाको पहिलो दशकमा ब्रत बस्नु निकै

महत्वपूर्ण कर्म हो। यसको पुण्यको व्याख्या नबी सल्लल्लाहु अलैहि व सल्लमले यस प्रकार गर्नुभएको छ :-

مَامِنْ أيَّامِ العَمَلُ الصَّالِحُ فِيْهَا أحَبُّ إلِي اللهِ مِنْ هَذِهِ الأيَّام
يَعْنِي العَشْرِ.قَالُوا وَ لا الجِهَادُ فِي سَبِيْلِ اللهِ ؟قَالَ وَ
لاالجِهَادُ فِي سَبِيْلِ اللهِ إلاَّ رَجُلٌ خَرَجَ بِنَفْسِهِ وَمَالِهِ فَلَمْ
يَرْجِعْ مِنْ ذَلِكَ بِشَيْئٍ - البخاري

*यी दस दिनहरुमा पुण्य गर्नु जति अल्लाहको दृष्टिमा महत्वपूर्ण छ, त्यति अन्य दिनमा पुण्य गर्नु लाई महत्व प्राप्त छैन। सहाबाले सोधे के अल्लाहको बाटोमा जेहाद(युद्ध) पनि गर्नु यति महत्वपूर्ण छैन?उहाँले उत्तर दिनुभयो त्यो पनि छैन,मात्र यस्तो व्यक्ति बाहेक जो अल्लाहको बाटोमा आफ्नो माल र प्राण लिएर निस्कियो अनि फेरि केही लिएर फिर्ता भएन।*

(बुखारी)

उक्त दिनहरुमा ब्रत बस्नु सही हदीसले प्रमाणित छ। तर यदि कसैले यो भन्दा पनि बढी नफ्ल(गरेमा पुण्य र नगरेमा त्यसमाथि केही पनि छैन) ब्रत बस्न चाहन्छ भने मनाही गरेको दिन बाहेक अन्य दिनहरुमा ब्रत बस्न सक्छ। निम्नमा कुन-कुन दिनमा ब्रत बस्नबाट मनाही गरेको छ, ती निम्नलिखित हुन्।

(१) ईदुल्फित्रको दिनमा (रमजानको ब्रतपछि मनाइने शुभ पर्व)

(२)ईदुल्अज्हाको दिनमा (१०जिल्हिज्जाको दिन जसलाई

प्रायः कुर्बानीको नामले जानिन्छ)

(३) अैयामुत्तश्रीक अर्थात ११,१२ र १३ जिहिल्ज्जको दिनमा मात्र यस प्रकारका हाजीहरुका लागि छुट छ जो "हज तमत्तोअ्"गरी रहेका छन् तर कुर्बानीको जनावर साथमा लगेका छैनन् वा कुर्बानी गर्न सक्दैनन् ।

(४) शङ्काको दिनमा तर पहिलेदेखि शाअ्बान/ महिनाको ब्रत बस्ने व्यक्ति(ब्रतालु)का लागि छुट छ ।

(५) निरन्तर रुपमा दैनिक ब्रत बस्नु,जसलाई अरबीमा सौमुद्दहर वा सौमुल्वेसाल भनिन्छ तर एक दिन छोडेर अर्को दिन ब्रत बस्न सकिन्छ ।

(६) श्रीमानको उपस्थितिमा वहाँ को अनुमति विना श्रीमतीले रमजान महिना बाहेक अन्य दिनको ब्रत बस्नु ।

(७) मात्र शनिवारको ब्रत बस्नु ।

(८) मात्र शुक्रवारको ब्रत बस्नु ।

अन्त्यमा अल्लाहसित यो नै बिन्ती छ कि उहाँले हामी सबैका ब्रत र अन्य सद्कर्महरुलाई स्वीकार गरुन् । हाम्रा पापहरुलाई क्षमा गरुन् । मृत्युपश्चात "फिर्दौस स्वर्ग"मा पुऱ्याउन् र यस पुस्तिकाबाट नेपाली भाषा भाषी दाजुभाइ तथा दिदी बहिनीहरुलाई लाभ पुऱ्याउन् ।

(आमीन)

والحمد لله والصلاة والسلام علي رسول الله في الأولي والآخرة.